# शासकीय खवर-पत्र

## (Governance Bulletin)



सामान्य प्रशासन मन्त्रालयको चौमासिक प्रकाशन-२०६६, अङ्क-९

(Ministry Of General Administration: Quarterly Publication, June—July, 2009, Vol-9

## सम्पादक मण्डल


सचिव, श्री बालानन्द पौडेल - सल्लाहकार

सह-सचिव श्री चन्द्र कुमार घिमिरे - संयोजक

उप-सचिव श्री आनन्दराज ढकाल - सदस्य

शाखा अधिकृत श्री सेवा अधिकारी - सदस्य

शाखा अधिकृत श्री हिमलाल भण्डारी - सदस्य सचिव



**सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार, काठमाडौं**

# सम्पादकीय

सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका विभिन्न निकायहरूबाट शासकीय सुधारका क्रममा गरेका प्रयासहरूलाई सार्वजनिक गर्ने र शासकीय सुधारका लागि रचनात्मक पृष्ठपोषण लिने उद्देश्यले यो शासकीय खवर-पत्र (Governance Bulletin) को प्रकाशन थालनी गरिएको हो । अहिले हामी यसको नवौं अङ्क पस्कंदै छौं ।

शासकीय खवर–पत्रको यस अङ्कमा पनि सदाभैं शासकीय सुधार सन्दर्भका विभिन्न विषयहरु समेटिएको छ । खासगरी नेपाल सरकारबाट लागू गरिएको स्वेच्छिक अवकास सम्बन्धी कार्यक्रम, प्रशासन पुनःसंरचना आयोगले दिएको सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धी प्रथम प्रतिवेदनको सिफारिश कार्यान्वयनको लागि तयार गरिएको कार्ययोजना, सामान्य प्रशासन मन्त्रालयको आयोजनामा देशका विभिन्न विश्वविद्यालय र क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुसँगको अभिप्रेरणा साझेदारी कार्यक्रम, नेपाल सरकारद्वारा लागू गरिएको शासकीय सुधार सम्बन्धी नीतिको कार्यान्वयन र त्यसको प्रभावकारिताका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयबाट भएको अनुगमन, निजामती कर्मचारीहरुका लागि विशेष महत्व राख्ने निजामती कर्मचारी अस्पतालको उद्घाटन सम्बन्धी समाचार र अस्पतालको छोटो परिचय, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणीकरण निर्देशिकाको तयारी सम्बन्धी कृयाकलापहरु, सामान्य प्रशासन मन्त्रालयबाट भएको व्यवस्थापन परीक्षण सम्बन्धी गतिविधिहरुलाई यसमा समावेश गरिएको छ । शासकीय सुधारमा महत्व राख्ने यिनै विषयवस्तुहरु समेटिएको शासकीय खवरपत्रको यस अंक सवैका लागि उपयोगी हुनेछ भन्ने आशा गरिएकोछ ।

अन्तमा शासकीय खवर-पत्र तयार गर्ने क्रममा नेपाल सरकारका सबै निकायहरूबाट सदा भैं सहयोग प्राप्त भइरहने विश्वास राख्छौं । साथै यो अङ्क तयार गर्न सहयोग पुऱ्याउने सामान्य प्रशासन मन्त्रालयका सवै शाखा, महाशाखा र अन्य सम्वद्ध निकायहरुलाई समेत हार्दिक धन्यवाद दिन्छौं । साधुवाद ।

सम्पादक मण्डल
असार, २०६६
सिंहदरवार, काठमाण्डौ

# विषय सूचि


| शिर्षक | पेज नं. |
| --- | --- |
| १ नेपाल सरकारद्वारा स्वेच्छिक अवकाश सम्बन्धी योजना २०६५/०६६ लागू | १ |
| २ प्रशासन पुनःसंरचना आयोगको सिफारिश कार्यान्वयन कार्ययोजना तयार | ४ |
| ३ विभिन्न विश्वविद्यालय र कलेजहरुसँग अभिप्रेरणा साझेदारी कार्यक्रम सञ्चालन | ६ |
| ४ नवनिर्मित निजामती कर्मचारी अस्पतालको समुद्धाटन सम्पन्न | ८ |
| ५ शासकीय सुधार सम्बन्धी नीति कार्यान्वयन एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी अनुगमन सम्पन्न | ११ |
| ६ शैक्षिक योग्यताको प्रमाणीकरण सम्बन्धी निर्देशिका तर्जुमा | १५ |
| ७ विभिन्न कार्यालयहरुमा व्यवस्थापन परीक्षण सम्पन्न | १६ |
| ८ अन्य गतिविधिहरु | १८ |

# नेपाल सरकारद्वारा स्वेच्छिक अवकाश सम्बन्धी योजना २०६५/०६६ लागू

नेपालको अन्तरिम संविधान २०६३ को तेस्रो संशोधनले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा जाने घोषणा गरे बमोजिम नेपालको प्रशासनिक संरचना समेत संघीय संरचना अनुरुपको हुनु पर्ने हुन्छ । विद्यमान प्रशासनिक संरचनालाई संघीय संरचनामा रुपान्तरण गर्दा मौजुदा कर्मचारी प्रशासनको स्वरुपमा समेत परिवर्तन आवश्यक हुन्छ । हाल करिब ७९,००० को संख्यामा रहेका निजामती कर्मचारीहरुलाई संघीय संरचनामा समायोजन गर्नुपर्दा हालको स्वरुपलाई चुस्त र प्रभावकारी बनाउनु पर्ने हुन्छ । एकातर्फ संघीय सरकारका कर्मचारीहरुको व्यवस्थापन स्थानीय सरकार स्वयंलेनै गर्नुपर्ने आवश्यकता र अर्को तर्फ केन्द्रीय संरचनालाई भद्दा र अनुत्पादक हुन नदिन पनि वर्तमान प्रशासनिक संगठनको संरचनालाई चुस्त आकारको पिरामिडीय संरचनामा रुपान्तरण गर्ने मूल उद्देश्यले नेपाल सरकारले निजामती कर्मचारीहरुका लागि स्वेच्छिक अवकास योजना (Voluntory Retirement Scheme VRS ) ल्याएको छ । यस योजनाका अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :–

१. निजामती सेवाको आकार घटाई चुस्त, दुरुस्त र छरितो बनाउने,
२. निजामती सेवा ऐनको दफा २४घ१ बमोजिम विशेष बढुवा भएका कर्मचारीहरुलाई समायोजन गर्ने समस्यालाई न्यूनिकरण गर्दै जाने,
३. निजामती सेवा भित्रका ज्येष्ठ, अशक्त,कर्मचारीहरुलाई क्रमिक रुपमा सेवाबाट अलग गर्ने,
४. निजामती सेवामा नयाँ प्रविधि र सीपले अभ्यस्त वयस्क जनशक्तिलाई प्रवेश गराउने,
५. निजामती सेवालाई निजी क्षेत्रसँग प्रतिस्प्रधि गराउने,
६. स्वेच्छिक अवकाशमा दिइने आर्थिक सेवा सुविधाका कारण कर्मचारीको व्यावहारिक आर्थिक समस्याहरुको निराकरण गर्ने,
७. सरकारी सेवामा रहेका कर्मचारीहरु सेवा निवृत्त भएपछि सेवामा रहँदा हासिल गरको ज्ञान, क्षमता र कार्यानुभवलाई अन्य सामाजिक तथा व्यवसायिक क्षेत्रमा उपयोग गर्ने आदि ।

यसरी निजामती सेवा ऐन, २०४९ को दफा ३५(१) बमोजिम न्यूनतम सेवा अवधि २० वर्ष र उमेर ५० वर्ष पुरा भएका निजामती कर्मचारीहरुलाई बढीमा ७ वर्षको सेवा अवधि र ग्रेड समेत थप गरी कूल ९१ महिनाको (७ वर्षको दशैं खर्च समेत ) निबृतिभरण रकम प्रदान गर्ने कार्यक्रम रहेको छ । यसरी अवकाश लिने कर्मचारी अनिवार्य अवकाश हुन १ महिना मात्र बाँकी रहे पनि यस कार्यक्रममा समावेश हुन चाहेमा सहभागी हुन पाउने व्यवस्था रहेको छ भने निबृत्तिभरण बुझ्केको ७ वर्षको अवधिमा बहालवाला कर्मचारीको तलवमानमा बृद्धि भएमा अवकाश भएका कर्मचारीहरुको निबृत्तिभरण रकममा दुई तिहाईले बृद्धि हुने व्यवस्थाले सेवा निबृत्त कर्मचारीहरुको आर्थिक मनोवल उच्च राख्ने

देखिन्छ । तीन चरणमा लागू गरिएको यस स्वेच्छिक अवकाश योजनाले निम्नानुसारका कर्मचारीहरुलाई समेटेको छ :–

१. पहिलो चरणमा विविध सेवा, विविध समूहमा कार्यरत १०७ जना कर्मचारीहरुलाई २०६६ साल वैशाख १ गते देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिइसकिएको ।
२. दोस्रो चरणमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम विशेष बढुवा पाएका निजामती सेवा भित्रका विभिन्न १० वटा सेवामा कार्यरत विभिन्न श्रेणीका जम्मा १४३३ जना कर्मचारीहरुले स्वेच्छिक अवकाशको लागि निवेदन दिएकोमा निर्णय हुनुभन्दा अगावै अनिवार्य अवकाश पाएका १६ जना र निवेदन फिर्ता लिएका २४ जना बाहेक बाँकी १३९३ जनालाई २०६६ असार ७ गतेबाट लागू हुनेगरी स्वेच्छिक अवकाश दिइएको ।
३. तेस्रो चरणमा ऐनको २४घ१ बमोजिम विशेष बढुवा पाएका कर्मचारीलाई समेत समेटिने गरी निजामती सेवा भित्रका (स्वास्थ्य र संसद सेवा बाहेक) २० वर्ष सेवा अवधि र ५० वर्ष उमेर पुरा भएका सवै कर्मचारीहरुलाई लक्षित गरी दरखास्त आह्वान गरिएकोमा निर्धारित म्यादभित्र जम्मा ४०८५ जना कर्मचारीहरुले स्वेच्छिक अवकाशको लागि निवेदन दिएका छन् । जसमा राजपत्रांकित तर्फ ४११ जना, राजपत्रअनंकित तर्फ १७९७ जना र श्रेणी विहीनतर्फ १८७७ जना रहेका छन् ।

प्रशासनको निरन्तर सुधार गर्न एवं प्रशासनलाई चुस्त, दुरुस्त र छरितो बनाउनको लागि यस्ता कार्यक्रमले निरन्तरता पाउनु पर्ने सुझाव आम कर्मचारीहरुबाट प्राप्त हुन आएको हुँदा आगामी दिनमा पनि यस कार्यक्रमले निरन्तरता पाउने अपेक्षा गरिएको छ ।

# प्रशासन पुनःसंरचना आयोगको सिफारिश कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार

संघीय लोकतान्त्रिक शासन व्यवस्था अनुरुप नेपालको सार्वजनिक प्रशासनलाई रुपान्तरण गर्न नेपालको सार्वजनिक प्रशासनको अध्ययन गरी समग्र सुधारका लागि सुझाव र सिफारिश सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकारको मिति २०६५।८।४ को निर्णयबाट प्रशासन पुनःसंरचना आयोगको गठन भएको थियो । तत्कालीन सामान्य प्रशासन मन्त्री पम्फा भुसालको अध्यक्षता गठन भएको यो आयोगले आफ्नो पहिलो अन्तरिम प्रतिवेदन यही २०६५ फागुन १६ गते प्रधानमन्त्री समक्ष पेश गरिसकेको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धी विषयमा केन्द्रित रहेको उक्त प्रतिवेदनका सिफारिशहरुलाई कार्यान्वयनयोग्य बनाउनको लागि सो को कार्ययोजना तयार गर्ने जिम्मेवारी नेपाल सरकारले सामान्य प्रशासन मन्त्रालयलाई दिएकोमा सामान्य प्रशासन मन्त्रालयले कार्ययोजना तयार गरिसकेको छ ।

सिफारिशहरु बढी कार्यान्वयन योग्य होउन् र कार्यान्वयन गर्ने निकायहरुको अपनत्व रहोस भन्ने कुरामा सचेत रही कार्ययोजनाको तयारी गदा निश्चित विधिहरुको अवलम्वन गरिएको थियो । सर्वप्रथम प्रतिवेदनमा सिफारिश गरिएका विषयहरुलाई कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकायहरुको यकिन गरिएको थियो । सिफारिश कार्यान्यन गर्ने प्रमुख जिम्मेवार निकायको रुपमा यकिन भएका विभिन्न १९ वटा मन्त्रालय र लोक सेवा आयोगमा पत्राचार गरिएको थियो । पत्रमा कार्यान्वयन गर्ने प्रकृया र प्रतिफल तहका सूचकहरु, त्यसको समय सीमा र आवश्यक बजेट समेत उल्लेख गरी पठाउन अनुरोध गरिएको थियो । त्यसैगरी दोस्रो चरणमा प्रशासन पुनःसंरचना आयोगका पदाधिकारी र विभिन्न निकायहरुका सम्पर्क व्यक्तिहरुसँग अर्न्तक्रिया गरिएको थियो । त्यस्तै तेस्रो चरणमा विभिन्न मन्त्रालयहरुमा गई स्थलगत भेटघाट र सामान्य प्रशासन मन्त्रालयमा छलफलको. आयोजना गरी सुझावहरु संकलन गरिएको थियो । सवै जिम्मेवार निकाय र पदाधिकारीहरुबाट प्राप्त सुझावहरुलाई समेटेर तयार गरिएको कार्ययोजनालाई अन्तिममा प्रशासन पुनःसंरचना आयोगका पदाधिकारीहरुसँग छलफल गरी अन्तिम रुप दिईएको थियो ।

कार्ययोजना तयार गर्ने क्रममा निश्चित मान्यताहरुलाई अनुसरण गरिएको थियो । कार्यान्वयनमूलक, जिम्मेवार निकायहरुबाट अपनत्व लिईएका, अनुगमन योग्य, कार्यान्वयनको लागि एउटै प्रमुख जिम्मेवार निकाय र स्रोत साधनको उपलब्धता जस्ता विषयहरुलाई मध्यनजर गरी कार्ययोजना तयार गरिएको थियो । प्रतिवेदनमा समेटिएका सुझावहरुमध्ये विशुध्द राजनितीक प्रकृतिका, गर्नुपर्ने काम र तिनका सूचकहरु स्पष्ट नभएका, तत्काल कार्यान्वयन गर्न नसकिने खालका तथा राज्यको पुनःसंरचनासँग जोडिएका विषयहरुलाई आयोगका पदाधिकारीहरुसँग छलफल गरी सामान्य थपघट र

परिमार्जन सहित अन्तिम रुप दिइएको थियो । यसरी तयार गरिएको कार्ययोजनालाई नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्नको लागि तयारी अवस्थामा राखिएको छ ।

कार्ययोजनालाई विभिन्न ६ भागमा विभाजन गरिएको छ । पहिलो भागमा समस्याहरु, दोस्रो भागमा गर्नुपर्ने कार्यहरु, तेस्रो भागमा अनुगमन सूचकहरु, चौथो भागमा कार्यान्वयन गर्ने अवधि, पाचौं भागमा कार्यान्वयनको लागि प्रमुख जिम्मेवार निकाय र छैठौं भागमा सहयोगी निकायलाई राखिएको छ । सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित विभिन्न २२ वटा क्षेत्रगत विषयहरुमा देखिएका समस्याहरुलाई अलग अलग रुपमा वर्गीकरण गरी कार्ययोजना तयार गरिएको छ । नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकत भएपछि लागू हुने यो कार्ययोजनालाई कार्यान्वयनमा लगिए पछि नेपालको सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा रहेका समस्याहरु धेरै हदसम्म सम्बोधन हुन गई सार्वजनिक सेवा प्रवाह चुस्त, दुरुस्त, उद्देश्यमूलक र सेवाग्राहीमुखी हुने अपेक्षा गरिएको छ ।

## विभिन्न विश्वविद्यालय र कलेजहरुसँग अभिप्रेरणा साझेदारी कार्यक्रम सञ्चालन

निजामती सेवामा सक्षम र योग्य व्यक्ति आकर्षित गर्ने उद्देश्यले विगत केही वर्षदेखि सामान्य प्रशासन मन्त्रालयले अभिप्रेरणा साझेदारी कार्यक्रम सञ्चालन गर्दै आएको छ । देशका विभिन्न विश्वविद्यालय तथा क्याम्पसहरुमा गएर त्यहाँ अध्ययनरत विद्यार्थीहरुसँग छलफल/अन्तरक्रिया गर्ने, निजामती सेवा र भर्ना तथा छनौट प्रक्रियाका बारेमा जानकारी दिने, र सरकारी सेवाका सकारात्मक पक्षहरुको प्रचार प्रसार गरी सक्षम र योग्य व्यक्तिहरुलाई यस सेवामा प्रवेशको लागि आकर्षित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिन्छ ।

विश्वव्यापीकरणले जनशक्ति व्यवस्थापनमा बहुआयामिक प्रभाव पारेको छ । खासगरी नेपाल जस्ता विकासशील देशका सक्षम व्यक्तिहरुले विश्वभरीका रोजगारीका अवसरहरुमा खुला प्रतिस्पर्धा गर्ने अवसर पाएका छन् र धेरै योग्य व्यक्तिहरु तीब्र गतिमा विदेश पलायन भईरहेका छन् । मुलुक भित्रको रोजगारीको प्रमुख क्षेत्रको रुपमा रहेको निजामती सेवा सक्षम व्यक्तिहरुको पहिलो रोजाई बन्न सकिरहेको छैन । यसो हुनुमा निजामती सेवा र यसका सकारात्मक पक्षहरुको प्रचार प्रसार हुन नसक्नु पनि हो । यसै वास्तविकतालाई मनन गरेर केन्द्रीय कर्मचारी निकायको रुपमा रहेको सामान्य प्रशासन मन्त्रालयले निजामती सेवामा योग्य व्यक्तिहरुलाई आकर्षित गर्न सकारात्मक भर्ना (Positive Recruitment) को पहल यसै कार्यक्रम मार्फत गर्दै आएको छ । मन्त्रालयले कार्यक्रमलाई लक्षित वर्गसम्म प्रभावकारी रुपमा पुऱ्याउन र समावेशी बनाउन कार्यक्रममा महिला, जनजाति, दलित, अपाङ्ग, तथा मधेशीहरुलाई बढी भन्दा बढी समावेश गर्ने गरिएको छ । निजामती सेवामा देशका सवै भौगोलिक क्षेत्र, जातजाती,

भाषाभाषीको प्रतिनिधित्वलाई बढाउँदै लगी समावेसी स्थायी सरकार बनाउने उद्देश्यले यो कार्यक्रम देशका विभिन्न क्षेत्रमा सञ्चालन गर्ने गरिएको छ ।
यसै सिलसिलामा गत २०६६ असार १ गते पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरमा, २०६६ असार ७ गते त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पामा र २०६६ असार १४ गते चितवनस्थित विभिन्न क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुसँग अभिप्रेरणा साझेदारी कार्यक्रम सञ्चालन गरिएको छ । पूर्वाञ्चल विश्वविद्यालय विराटनगर र त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा सञ्चालन भएको कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री वालानन्द पौडेल सहित मन्त्रालयका सहसचिव, उपसचिव तथा अन्य कर्मचारीको उपस्थिति रहेको थियो भने भरतपुर चितवनमा सम्पन्न कार्यक्रममा मन्त्रालयका विभिन्न तहका अधिकृतहरुको सहभागिता रहेको थियो ।

तीनवटै कार्यक्रममा मन्त्रालयका पदाधिकारीहरुले निजामती सेवाका विविध विषयमा कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रको प्रस्तुति पछि छलफल तथा सुझाव संकलन गरिएको थियो । छलफलमा विद्यार्थीहरु उत्साहका साथ सहभागी भई निजामती सेवाका विभिन्न विषयमा प्रश्नहरु गरेका थिए । विद्यार्थीहरुले निजामती सेवामा प्रवेश गर्ने तरिका, सेवा सुविधाहरु, वृत्ति विकासका अवसरहरु, निजामती सेवामा आरक्षणको व्यवस्था र यसले पार्ने सकारात्मक र नकारात्मक प्रभावहरु, निजामती सेवा प्रवेशमा निस्पक्षताको सुनिश्चितता, समावेशीकरण लगायत विविध विषयमा जिज्ञासाहरु राखेका थिए । विद्यार्थीहरुले उठाएका जिज्ञासाहरुलाई मन्त्रालयका पदाधिकारीहरुले सम्वोधन गर्नुभएको थियो ।

सवै कार्यक्रमहरुमा विद्यार्थीहरुको उत्साहजनक र सकृयतापूर्ण सहभागिता रहेको थियो । नयाँ पुस्ताका विद्यार्थीहरुलाई निजामती सेवाका विभिन्न पक्षहरु जस्तै भर्ना तथा छनौट पक्रिया, सेवा सुविधा, वृत्ति विकासका अवसरहरु, कामको प्रकृति, अवसर र चुनौतिहरुका बारेमा जानकारी दिन सफल यस कार्यक्रमले आगामी वर्षहरुमा पनि निरन्तरता पाउनु पर्ने माग स्वयं विद्यार्थीहरु र सम्बध्द पक्षहरुबाटै हुने गरेबाट आगामी दिनमा थप प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न हौसला मिलेको छ ।

## प्रधानमन्त्रीबाट नवनिर्मित निजामती कर्मचारी अस्पतालको समुद्घाटन

निजामती कर्मचारी र उनका परिवारहरुको हितलाई लक्षित गरी निर्माण गरिएको र सर्वसाधारण नागरिकहरुले पनि सेवा लिन सक्ने व्यवस्था गरिएको निजामती कर्मचारी अस्पताल (Civil Service Hospital) को यही २०६६ साल जेठ १६ गते सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यूले एक समारोहका बीच समुद्घाटन गर्नु भयो ।

अस्पताल मित्रराष्ट्र जनवादी गणतन्त्र चीन सरकारको सहयोगमा निर्माण भएको हो । अस्पतालको प्राङ्गणमा आयोजित उद्घाटन समारोहको अवसरमा बोल्दै प्रधानमन्त्रीज्यूले अस्पताल सञ्चालनमा आएकोमा समस्त निजामती कर्मचारीहरुलाई बधाई दिंदै जनताको काममा थप हौसलाका साथ समर्पित हुन आग्रह गर्नुभयो । कार्यक्रम सामान्य प्रशासन मन्त्रालयका सचिव श्री वालानन्द पौडेलज्यूको सभापतित्वमा सञ्चालन भएको थियो । कार्यक्रमको प्रमुख आतिथ्यता प्रधानमन्त्री माधवकुमार नेपालज्यूले गर्नुभएको थियो भने विशिष्ट अतिथिको रुपमा नेपाल सरकारका मुख्य सचिव श्री भोजराज घिमिरेज्यू र जनवादी गणतन्त्र चीनका राजदुत महामहिम छ्यू को होङको समुपस्थिति रहेको थियो । अस्पतालका पदाधिकारी तथा कर्मचारीहरु र निजामती सेवाका उच्च पदस्थ कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा निजामती कर्मचारी अस्पताल विकास समितिका अध्यक्ष श्री विद्यानाथ नेपालज्यूले अस्पतालको  परिचय सहित स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

यसैगरी अस्पतालका कार्यकारी निर्देशक डा.विमलकुमार थापाले धन्यवाद ज्ञापन गर्नुभएको थियो । अन्तमा उद्घाटन कार्यक्रमका सभापति तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री वालानन्द पौडेलज्यूले आफ्नो मन्तव्य सहित सभा विसर्जन गर्नुभएको थियो । आफ्नो मन्तव्यको क्रममा उहाँले अस्पतालको समुद्घाटन समारोहमा सहभागी हुन पाउँदा आफूलाई अत्यन्त गौरवान्वित ठानेको बताउनु भयो । साथै अस्पतालको सञ्चालनबाट नेपाल चीन मैत्री सम्बन्ध अझ गहिरो हुने र निजामती कर्मचारीहरुलाई जनताप्रति अझ जिम्मेवार भई काम गर्न थप हौसला मिल्ने विश्वास व्यक्त गर्नु भयो ।

## निजामती कर्मचारी अस्पतालको परिचय

नेपाल सरकार र मित्रराष्ट्र चीन सरकारबीच मे १४ सन् २००१ मा पत्र (Letter of exchange) आदान प्रदान भएपछि निजामती कर्मचारी अस्पताल निर्माणको अवधारणाले साकार रुप लिएको हो । नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय र चीन सरकारको तर्फबाट China Tiesiju Civil Engineering Group co. ltd. बीच मे १८ सन् २००६ मा सम्झौता सम्पन्न भई अस्पतालको भवन निर्माणको कार्य सुरु भएको थियो भने सन् २००७ को डिसेम्बरमा निर्माण कार्य सम्पन्न भएको थियो । मित्रराष्ट्र चीन सरकारको अनुदान सहयोग अन्तर्गत कूल ५ करोड ९२ लाख ५० हजार चीनीया यूआनको लागतमा निर्माण सम्पन्न भएको यस अस्पताल चीन सरकारको तर्फबाट सन् २००८ को अक्टोवरमा नेपाल सरकारलाई हस्तान्तरण भएको हो । काठमाण्डौको मुटुमा रहेको मीनभवनस्थित २७६५० वर्ग मिटर क्षेत्रफलमा फैलिएको यस अस्पतालमा हाल १३२ शैया रहेका छन् ।

नेपाल सरकारले २०६४ साल फागुन २४ गते विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी “निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश २०६४” जारी गरेपछि यस अस्पतालको गठन भएको हो । २०६५ चैत्र १६ गतेदेखि

ओ.पी.डीइ. सेवा सञ्चालनमा आएको यो अस्पतालमा हाल जनरल मेडिकल, जनरल सर्जरी, प्रसूति तथा स्त्री रोग, रेडियोलोजी (एक्सरे, अल्ट्रासाउण्ड), प्याथोलोजी तथा फार्मेसी सेवाहरु उपलब्ध छन् । आगामी आर्थिक वर्षदेखि अत्याधुनिक डाइग्नोष्टिक सेवा प्रारम्भ गरी नेपालीलाई विदेश जानु पर्ने वाध्यताबाट मुक्त गराईने प्रतिवध्दता अस्पतालले गरेको छ । त्यस्तै आगामी वर्षदेखि आई.सी.यू., होमोडाईलासिस्, पेट नचिरी मेशिनद्वारा अपरेशन र जाँचको सेवा सुरु गर्ने तथा निकट भविश्यमै हाडजोर्नी, मेडिसिन, दन्त रोगको ओ.पी.डी. सेवाको साथै Indoor, Emergency, Operation, CT Scan , Endoscopy सेवा प्रारम्भ गरिने जनाईएको छ । साथै मुटु रोग, नाक,कान,घाँटी, आँखा, नशा सम्बन्धी, मानसिक रोग, न्यूरोलोजी र क्यान्सर सम्बन्धीको ओ.पी.डी. सेवा समेत सेसनको आधारमा सञ्चालन गरिने अस्पतालले जनाएको छ ।

यस अस्पतालको प्रमुख विशेषता भनेको निजामती कर्मचारीहरुका लागि लक्षित गरिएको भएता पनि अस्पतालको सेवा सर्वसाधारण नागरिकहरुका लागि पनि खुला गरिएको छ । ओ.पी.डी. सेवा र फार्मेसी वाहेक अन्य सेवामा निजामती कर्मचारी र तिनका परिवारलाई निश्चित प्रतिशत छुटको व्यवस्था रहेको छ भने अस्पतालले लिने शुल्क पनि अन्य सार्वजनिक क्षेत्रका अस्पतालकै हाराहारीमा रहेको छ । सर्वसाधारण नागरिकहरुले समेत अस्पतालबाट सेवा लिन सक्ने व्यवस्थाबाट एकातर्फ निजामती कर्मचारी र आम नागरिक बीचको निकटता अझ बढ्न मद्दत पुग्ने अपेक्षा गरिएको छ भने अर्कोतर्फ उपलब्ध सरकारी सेवाबाट कुनै खास क्षेत्रका व्यक्ति मात्र लाभान्वित हुने अवस्था रहँदैन । विभिन्न क्षेत्रको सहयोगबाट सञ्चालनमा आएको यस अस्पताललाई दिगो बनाई गुणस्तरीय सेवाको माध्यमबाट लक्षित वर्गको आवश्यकता पुरा गर्ने तर्फ नेपाल सरकार, अस्पताल व्यवस्थापन तथा कर्मचारीहरु, निजामती कर्मचारीहरु र आम नागरिकको सक्रिय भूमिकाको अपेक्षा गरिएको छ ।

## शासकीय सुधार सम्बन्धी नीति कार्यान्वयन एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी अनुगमन सम्पन्न

नेपाल सरकारबाट लागू भएको शासकीय सुधार सम्बन्धी नीतिको कार्यान्वयन र यसको प्रभावकारिताको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रुपमा अनुगमन हुँदै आएको छ । चालु आर्थिक वर्षमा उक्त कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा दुर्गम हिमाली जिल्ला मुगुका सरकारी कार्यालयहरुको अनुगमन कार्य सम्पन्न गरिएको छ । दुर्गम जिल्लाका

सरकारी कार्यालयहरुबाट शासकीय सुधार कार्यान्वयन गर्ने सम्बन्धमा भए गरेका कृयाकलापहरुको प्रत्यक्ष अवलोकन गर्नुका साथै सार्वजनिक सेवा प्रवाहमा संलग्न निकाय एवं कर्मचारीहरुले सेवा प्रवाह गर्दा भोग्नु परेका व्यावहारिक कठिनाई र नीतिगत समस्याहरुको पहिचान गरी सुधारका क्षेत्रहरु पहिल्याउने अपेक्षाका साथ सुरु गरिएको यस अनुगमन कार्यक्रमका उद्देश्यहरु निम्नानुसार रहेका थिए :–

1. दुर्गम स्थानमा सार्वजनिक सेवा प्रवाहको स्थिति अवलोकन गर्नु,
2. सेवा प्रदायक कर्मचारीको कार्यवातावरण र अनुभुत गरेका
3. कठिनाईहरुको पहिचान गर्नु,
4. सेवा प्रवाहलाई छिटो छरितो, गुणस्तरीय र सर्वसाधारण नागरिकको अपेक्षा अनुरुप गराउन लिनु पर्ने नीतिगत पहलको लागि सुझाव संकलन गर्नु,
5. शासकीय सुधार सम्बन्धी नीति कार्यान्वयन तथा त्यसको प्रभावकारिता सम्बन्धमा अनुगमन र अवस्थाको अध्ययन गर्नु ।

कार्यक्रममा अनुगमन टोलीको नेतृत्व सामान्य प्रशासन मन्त्रालयका सचिव श्री वालानन्द पौडेलज्यूले गर्नु भएको थियो । उक्त अनुगमन टोलीमा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री शिवबहादुर रायमाझी, उपसचिव श्री आनन्दराज ढकाल, उपसचिव श्री यामनाथ शर्मा र शाखा अधिकृत श्री हिमलाल भण्डारीको संलग्नता रहेको थियो ।

कार्यक्रममा स्थलगत अवलोकन र अर्न्तक्रिया गरी दुईबटा विधि अपनाईएको थियो । स्थलगत अवलोकन कार्यक्रम अन्तर्गत २०६६ जेठ ५ गते जिल्लाका सरकारी कार्यालयहरुमध्ये जनतासँग प्रत्यक्ष सरोकार राख्ने अग्रपंतिका कार्यालयहरुको अवलोकन गर्ने कार्यक्रम अनुसार जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको कार्यालयलाई समेटिएको थियो । स्थलगत अवलोकन गरिएका कार्यालयहरुमा मुख्यतः सेवाग्राही जनताहरुको चाप, कार्यालय भित्रको कार्यवातावरणको स्थिति, कर्मचारीहरुको काम गर्ने शैली र लगाव तथा भौतिक स्रोतसाधनको अवस्था आदि विषयमा अवलोकन गरी सेवा प्रदायक कर्मचारी र कार्यालय प्रमुखबाट विभिन्न विषयमा जानकारी लिईएको थियो । त्यसैगरी दोस्रो कार्यक्रममा २०६६ जेठ ६ गते मुगु जिल्लाका सवै सरकारी कार्यालयहरुका कार्यालय प्रमुखहरुको उपस्थितिमा एक अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । अर्न्तक्रिया कार्यक्रममा मुख्यतया कर्मचारीहरुले दुर्गम स्थानमा बसी सेवा प्रवाह गर्दा भोग्नु परेका कठिनाईहरु, कार्यालयहरुको कार्यवातावरण र अवस्था, निजामती कर्मचारी प्रशासन सम्बन्धी विविध विषयहरु, नागरिक वडापत्र र त्यसको कार्यान्वयन, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, हेल्पडेस्क व्यवस्थापन, दरवन्दी आपूर्ति र कर्मचारीको उपस्थिति, जनसहभागिता जस्ता शासकीय सुधार सन्दर्भका विषयहरु समेटिएको थियो ।

अर्न्तक्रिया कार्यक्रम जिल्ला प्रशासन कार्यालय मुगुको सभाहलमा सञ्चालन गरिएको थियो । सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूको उपस्थितिमा सञ्चालन भएको उक्त अर्न्तक्रिया कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सहसचिव, उपसचिव, शाखा अधिकृत, मुगुका निमित्त प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख लगायत जिल्ला स्थित कार्यालयका कार्यालय

प्रमुखहरुको सहभागिता रहेका थियो । उक्त कार्यक्रममा मुगुका निमित्त प्रमुख जिल्ला अधिकारी श्री पुष्प पौडेलले स्वागत मन्तव्य व्यक्त गर्दै मुगुका समग्र समस्याहरुको वारेमा अवगत गराउनु भएको थियो । त्यस्तै सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री आनन्दराज ढकालले कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्नु भएको थियो । त्यसपछि उपस्थित सवै कार्यालय प्रमुखहरुलाई आफ्नो कार्यालय, समग्र निजामती कर्मचारी प्रशासनका विषयमा जिज्ञासा र गुनासाहरु पालैपालोसँग राख्ने अवसर प्रदान गरिएको थियो । अधिकांश कार्यालयका निमित्त कार्यालय प्रमुखहरुको उपस्थिति रहेको सो कार्यक्रमका सहभागीहरुले निजामती कर्मचारी प्रशासन सम्बन्धमा आफ्ना धारणाहरु स्पष्टसँग राखेका थिए ।

कार्यक्रममा कार्यालय प्रमुखहरुले कार्यालयमा भौतिक पूर्वाधारको अवस्था दयनीय रहेको, कार्यालयका कर्मचारीहरु सरुवा भई अन्यत्र स्थानमा जाने तर सो स्थानमा पूर्ति नहुनाले काममा वाधा परेको, विद्युत सुविधा नहुनाले कार्यालयको काममा आधुनिकीकरण गरी छिटोछरितो तुल्याउन नसकिएको, अधिकांश कार्यालयहरुको आफ्नो भवन नभएको र भएका भवन पनि द्वन्दकालमा क्षतिग्रस्त भएका तर पुनर्निर्माणले गति लिन नसकेको, नेपाल सरकारका विभिन्न सेवा, समूहमा कार्यरत कर्मचारीहरुको सुविधामा फरक र वृत्ति विकासका अवसरमा भिन्नता रहेको, सहायक कर्मचारीको सेवाकालीन तालिमको विषयमा जानकारीनै नहुनाले जागीर अवधिभर तालिम नलिई अवकाश हुनुपर्ने वाध्यता रहेको, अति दुर्गम स्थानमा बसी सेवा गर्ने कर्मचारीहरु वृत्ति विकासका थप अवसरहरुबाट बञ्चित हुनु परेको जस्ता गुनासाहरु राखेका थिए ।

कर्मचारीहरुले उठाएका समस्या, जिज्ञासा र गुनासाहरुलाई सामान्य प्रशासन मन्त्रालयका सचिवज्यू र सहसचिवज्यूले सम्बोधन गर्नुभएको थियो । त्यसैगरी सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूले मन्त्रालयबाट समाधान गर्न सक्ने कुराहरुको हकमा तत्काल कारवाही सुरु गरिने र अन्य मन्त्रालयसँग सम्बन्धित समस्याहरु तत्तत् मन्त्रालयहरुमा जानकारी गराइने प्रतिवद्धता व्यक्त गर्दै नेपाल सरकार र सामान्य प्रशासन मन्त्रालयबाट शासकीय सुधार, कर्मचारी प्रशासनका क्षेत्रमा भएका सुधारका प्रयासहरु एवं समग्र सार्वजनिक कर्मचारी प्रशासनको क्षेत्रमा भईरहेका गतिविधिहरुका विषयमा प्रकाश पार्नु भएको थियो ।

स्थानीय स्तरमा कार्यरत कर्मचारीहरुले कार्यस्थलमा भोग्नुपरेका कठिनाईहरुबारे जानकारी हासिल गर्न तथा नेपाल सरकारबाट लागू गरिएको शासकीय सुधार सम्बन्धी नीतिको कार्यान्वयनको अवस्था र त्यसको प्रभावकारिताका सम्बन्धमा जानकारी लिई कार्यान्वयनमा देखिएका नीतिगत र व्यावहारिक समस्याहरुको समाधनार्थ पहल गर्न यस्ता अनुगमन कार्यक्रमले मद्दत पुग्न जाने विश्वास गरिएको छ ।

# शैक्षिक योग्यताको प्रमाणीकरण सम्बन्धी निर्देशिकाको तयारी

निजामती सेवा नियमावली २०५० को नियम ८१ख ले शैक्षिक योग्यता प्रमाणीकरण सम्बन्धी व्यवस्था गरेको छ । निजामती सेवामा स्थायी नियूक्ति भई सेवा प्रवेश गर्ने निजामती कर्मचारीले आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणीकरणको लागि आफू नियुक्त भएको कार्यालयमा हाजिर भएको मितिले पैंतीस दिनभित्र आफुले प्राप्त गरेको शैक्षिक योग्यताको लब्धाङ्कपत्र र प्रमाणपत्रको दुई प्रति प्रतिलिपि सम्बन्धित निजामती कर्मचारी आफैले प्रमाणित गरी पेश गर्नुपर्ने प्रावधान नियमावलीमा उल्लेख गरिएको छ ।

निजामती सेवा नियमावलीमा भएको यस्तो प्रावधान यस सम्बन्धी स्पष्ट कार्यविधिको अभावमा हालसम्म कार्यान्वयनमा ल्याउन सकिएको छैन । कर्मचारीहरुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणीकरणलाई नियमित र व्यवस्थित गरी कार्यान्वयनमा ल्याउन, यस सम्बन्धी कानुनी व्यवस्थालाई व्यवहारमा रुपान्तरण गर्न तथा प्रमाणीकरणको प्रक्रियालाई सरल र स्प्रष्ट तुल्याउन यस सम्बन्धी छुट्टै निर्देशिकाको आवश्यकता महसुस गरिएको छ । यसै पृष्ठभूमिमा सामान्य प्रशासन मन्त्रालयले एक निर्देशिका जारी गर्ने तयारी स्वरुप शैक्षिक योग्यताको प्रमाणीकरण सम्बन्धी निर्देशिका तर्जुमा कार्यदल गठन गरी कार्य प्रारम्भ गरिएको छ । सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री शिवबहादुर रायमाझीज्यूको संयोजकत्वमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र अर्थ मन्त्रालयका प्रतिनिधि समेत सदस्य रहने गरी गठन भएको यस कार्यदलले निर्देशिकाको प्रारम्भिक मस्यौदा समेत तयार गरिसकेको छ । यो निर्देशिका जारी भएपछि निजामती सेवामा नयाँ प्रवेश गर्ने र बढुवा हुने चरसणमानै शैक्षिक योग्यताको प्रमाणपत्रहरु प्रमाणीकरण गर्नुपर्ने कानूनी प्रावधानलाई व्यवस्थित र सरलीकृत गराई नक्कली प्रमाणपत्रका आधारमा सेवा प्रवेश गर्ने प्रवृत्तिको अन्त्य गर्न तथा निजामती सेवालाई मर्यादित तुल्याउन सहयोग पुग्ने विश्वास लिइएको छ ।

# विभिन्न कार्यालयहरुमा व्यवस्थापन परीक्षण सम्पन्न

निजामती सेवा ऐन, २०४९ को दफा ७२क अनुसार विभिन्न सरकारी कार्यालयहरुको व्यवस्थापन परीक्षण गर्ने कार्य सामान्य प्रशासनको जिम्मेवारीभित्र पर्ने व्यवस्था रहेको छ । नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालन गरे नगरेको सम्बन्धमा सुपरीवेक्षण , अनुगमन र मूल्यांकन गरी निर्देशन दिन र त्यसरी सुपरीवेक्षण गर्दा कुनै निजामती कर्मचारी उपर विभागीय कारवाही गर्नुपर्ने देखिएमा सो समेत सिफारिश गर्न सक्ने र सो को वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था ऐनमा गरिएको छ ।

निजामती सेवा ऐनमा भएको यस किसिमको व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा सामान्य प्रशासन मन्त्रालयबाट प्रत्येक वर्ष विभिन्न सरकारी कार्यालयहरुमा व्यवस्थापन परीक्षण हुने गरेको छ । चालु आर्थिक वर्षको यस चौमासिक अवधिमा केन्द्रीय स्तरका ३ वटा र जिल्ला स्तरमा विभिन्न ६ जिल्लाका ५/५ वटा कार्यालयहरुमा व्यवस्थापन परीक्षण सम्पन्न गरिएको छ । व्यवस्थापन परीक्षण सम्पन्न गरिएका केन्द्रीय स्तरका कार्यालयहरुमा गृह मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र भौतिक योजना तथा निर्माण मन्त्रालय रहेका छन् ।

त्यसैगरी जिल्ला स्तरका कार्यालयहरुमा सुर्खेत र डोटी जिल्लाका क्षेत्रीय प्रशासन कार्यालय, क्षेत्रीय स्वास्थ्य निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय, क्षेत्रीय हुलाक निर्देशनालय र जिल्ला विकास समितिको कार्यालय रहेका छन् । साथै चितवन, पर्वत, रुपन्देही र ईलाम जिल्लामा जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला कृषि कार्यालय, जिल्ला हुलाक कार्यालय र जिल्ला विकास समितिको कार्यालयलाई समेटिएको थियो ।

ऐनमा भएको व्यवस्थाको भावना अनुरुप सरकारी निकायहरुबाट हुने कामकारवाहीहरु प्रचलित कानून बमोजिम भए नभएको परीक्षण गरी देखिएका कमी–कमजोरी, त्रुटी र अनियमिततालाई उजागर गरी आवश्यक सुझावहरु प्रस्तुत गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । त्यसैगरी यसका अन्य उद्देश्यहरुमा संगठनका सबल र दुर्बल पक्ष पहिचान गरी दुर्बल पक्षहरु हटाउन आवश्यक उपायहरु सिफारिश गर्नु, उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी संगठनमा गतिशीलता र प्रभावकारिता बृध्दि गर्नु, व्यवस्थापनमा हुनसक्ने अव्यवस्था, दोष र त्रुटिहरुको रोकथाम गरी व्यवस्थापनमा जवाफदेहिता निर्माण गर्नु, संगठनको व्यवस्थापनको सम्पूर्ण तहको कार्य क्षमताको जाँच गर्नु तथा विधिको शासन संचालनमा सहयोग गरी सुशासनको अभिवृध्दि गराउनु रहेको छ ।

## अन्य गतिविधिहरू

- सामान्य प्रशासन मन्त्रालयको प्रशासन सुधारका विविध आयाम सम्बन्धी अध्ययन भ्रमण कार्यक्रम अन्तर्गत यस मन्त्रालयका सहसचिव श्री शिवबहादुर रायमाझीको नेतृत्वमा मन्त्रालयका उपसचिव, शाखा अधिकृत र लेखा अधिकृत सम्मिलित आठ सदस्यीय एक प्रतिनिधि मण्डलले मित्रराष्ट्र मलेशिया र थाइल्याण्डको १० दिने अध्ययन भ्रमण सम्पन्न गरि स्वदेश फर्किएको छ । प्रतिनिधि मण्डलले मलेशियामा Public Service Department (JPA) को भ्रमण गरी मलेशियाको प्रशासन संयन्त्रमा केन्द्रीय सरकार र राज्य सरकारको सम्बन्ध र व्यवस्थापनका विविध पक्षहरुको अध्ययन गरेको थियो । यसैगरी उक्त टोलीले थाईल्याण्डको लोक सेवा आयोग (Civil Service Commission) को भ्रमण गरी प्रशासन सुधारका सम्बन्धमा थाई सरकारबाट थालिएका कदमहरुका विषयमा जानकारी लिएको थियो । यसपछि यस टोलीले सार्वजनिक सेवा विभाग (Public Service Department) को भ्रमण गरी थाइ सरकारद्धारा सञ्चालित दोस्रो सार्वजनिक सेवा सुधारका योजना अवधिको प्रगतिबारे जानकारी लिएको थियो ।

- निजामती सेवा नियमावली २०५० को नियम ९ मा भएको व्यवस्थालाई कार्यान्वयनमा ल्याउने सम्बन्धमा निजामती सेवाका सवै पदहरुको कार्यविवरण बनाई लागू गर्ने उद्देश्यले सामान्य प्रशासन मन्त्रालयले यस सम्बन्धी निर्देशिका जारी गर्ने तयारी गरिरहेको छ । निर्देशिकाको मस्यौदा तयारी गर्ने कार्यको लागि परामर्शदाता नियूक्त गरीएकोमा परामर्शदाताबाट सो को मस्यौदा प्राप्त भईसकेको छ । निर्देशिका जारी भएपछि निजामती सेवा ऐन एवं नियमावलीमा भएको व्यवस्था कार्यान्वयनमा आई नेपाल सरकार अन्तर्गत विभिन्न निकायहरुको काममा एकरुपता कायम हुनुका साथै कर्मचारीहरुलाई सरल एवं स्पष्ट रुपमा कार्य विवरण फाराम भर्न मार्गनिर्देश हुने अपेक्षा गरिएको छ ।